# त्रिएक परमेश्वरको आराधना:

## अन्तर शताब्दी र अन्तर भूभागबाट पाइएका र दिइएका ज्ञानहरु

*विश्व रिफोमर्ड मण्डलीहरुको सँगतिद्धारा २०१० मा स्विकृत गरिएको*

## १. एक बोलाइएका र क्षमा पाएका मानिसहरु
## येशूको नाउँमा संगठीत

### १.१ त्रिएक परमेश्वरद्धारा बोलाइएका

धन्यका हुन् ती परमेश्वरका मानिसहरु, जसले गहिरो रुपमा महसुस गरेकाछन्
कि उनीहरु त्रिएक परमेश्वर पिता, पुत्र र पवित्र आत्माद्धारा बोलाइएका छन्,
उँहालाई सम्बोधन गर्दछन्,
जो मण्डलीमा जम्मा हुन्छन्, र वचन र आत्माद्धारा मण्डलीको वास्ता र संरक्षण गर्दछन्,
परमेश्वर जो अत्याधिक सुन्दरता र शक्तिले युक्तहुनुहुन्छ,
उहाँ येशू खीष्टमा "अदृश्य परमेश्वरकै प्रतिरुप" (कलस्सी १:१५)
भएर पूर्णरुपमा प्रकट हुनुभएको छ भनी स्वीकार गर्दछन् ।

धन्यको हो त्यो विश्वासीको समुदाय
जसले कृतज्ञतासाथ मानिलिन्छन् कि :-
त्रिएक परमेश्वरले हाम्रो आराधना स्वीकारमात्र गर्नुहुन्न,
तर हाम्रो आराधनालाई उहाँलेनै सम्भव बनाउनु हुन्छ,
पवित्र आत्माद्धारा हामीलाई उत्प्रेरित गर्नुहुन्छ,
हाम्रा भेटीहरुलाई येशू खीष्टको सिद्ध पुजारीत्वद्धारा शुद्ध पार्नुहुन्छ,
जसले आफ्नो पृथ्वीको जीवनकालमा
"पितालाई" "पवित्र आत्मामा पूर्ण आनन्दको" प्रशंसा चढाउनुभयो, (लूका १०:२१)
र अहिले पनि "हाम्रो लागि सधैं मध्यस्थताको प्रार्थना चढाउनु हुन्छ" । (हिब्रु ७:२५)

धन्यको हो त्यो विश्वासीको सभा
जसले विश्वासीहरु परमेश्वरलाई नै आराधना गर्न भेला भएको हो भन्ने कुरामा जोड दिन्छन् ,
अथवा प्रथमत परमेश्वरले उनीहरुलाई आशिष देऊन् भनेर होइन,
बरु परमेश्वरले उनीहरुलाई आशिष दिनुभएको कारण परमेश्वरलाई आराधना गर्न भेला हुन्छन् ।

धन्यको हो त्यो विश्वासीहरुको सभा जसले यो पत्ता लगाउदछन्
कि जसै तिनीहरुले त्रिएक परमेश्वरलाई आराधना गर्दछन्,
परमेश्वरले उनीहरुलाई साच्चैनै आशिष दिनुहुन्छ
उँहाले पालनपोषण गर्नुहुन्छ, सिकाउनु हुन्छ, आत्माग्लानी बनाउनु हुन्छ,
साथै उनीहरुलाई सुर्धानु पनि हुन्छ,
र यसरी सम्बन्धहरु बलियो बनाउनु हुन्छ,
जसले गर्दा येशूसँग र एकआपससँग निम्न कार्यहरुद्धारा एकतामा ल्याउनुहुन्छ :-
शुद्धता ल्याउने कामहरुद्धारा,
वचनको घोषणाद्धारा र सामूहिक प्रार्थनाद्धारा,
बप्तिस्मा र प्रभुभोजद्धारा,
सँगती, भेटीहरु र गवाहीहरुद्धारा । [1]

---

[1] *हाइडलबर्ग विश्वास शिक्षा आधार, प्रश्न उत्तर न. ५४, वेलहार विश्वास आधार*

१.२ सम्पूर्ण परमेश्वरका जनहरु
सामुहिक सभा

बुद्धिमान हो त्यो आराधनाको समाज
जसले "एकसाथ भेला हुन छोड्दैनन्" (हिब्रु १०:२५),
तर आनन्दसाथ येशूको नाउँमा भेला हुन्छन्, कारण
परमेश्वरको वचन प्रचारगर्न,
प्रशंसा चढाउन, र प्रार्थना गर्नका निम्ति इच्छुक हुन्छन्
र मण्डलीका पवित्र विधीहरुको उत्सव मनाउन चाहान्छन् ।
यी प्रत्येक कुराहरु परमेश्वरका सम्पूर्ण जनहरुको कार्यहरु हुन्, जो सबै
"राजकिय पूजाहारीगिरीहरु" हुन् भनि मान्दछन् । (१ पत्रुस २:९)

धन्यको हो त्यो विश्वासी संगती
जसले सबै आराधकहरुलाई निमन्त्रणा गर्दछन्
तिनीहरुलाई पनि जसलाई हाम्रा समाजले "अशक्त" भनि घोषणा गरेकाछन्,
उनीहरुलाई सम्पूर्ण तवरले, सामूहिक आराधनमा सचेत, सकृय सहभागी बनाउछन्,
उनीहरुको हृदय, प्राण र समझले परमेश्वरको भक्तिमा सम्लग्न हुन्छन् ।
यस कुराको गहिरो सचेतनामा विवेकशील भएर कि :-
आफ्नो व्यक्तिगत आराधनाले सम्पुर्ण विश्वव्यापी परमेश्वरको संयुक्त आराधनामा भाग लिएको हुँदछन् ।

धन्यको हो त्यो संगती
जसले आफ्नो आराधनामा ख्रीष्टको शरिरको
सहभागिता अभिव्यक्त गर्दछन्,
जसले आत्माको एकता, शान्तिको बन्धनमा व्यक्त गर्दछन्,
त्यो एकता जुन परमेश्वरको बरदान र बोलावट हो
जसले जवान र बृद्धलाई
साथै हरेक यूग र भुभागका विश्वासीहरुलाई एक गराउँदछन्,
जस जसले येशू ख्रीष्ट र परमेश्वरको आत्मामा
समान बोलावट पाएकाछन् ।[2]

१.३. पवित्र आत्मा

बुद्धिमान हो त्यो आराधनाको समाज
जसले पवित्र आत्माको कामहरुलाई
तर्क र भावनाहरु दुवै,
आत्मिकी अनुशासन र आश्चर्य घटनाहरु दुवैद्धारा,
अनि आराधना सेवाहरु र प्रार्थना दुवै सहित परमपरागत गरिएका
र स्वतर्स्फूत गरीने व्यहोरालाई पहिचान गर्दछन् ।

धन्यको हो त्यो आराधनाको समाज जसले
आराधनाको महत्व र शक्ति अनन्तको छ भनेर मानेलिंदछन् ।
हाम्रो आफ्नै सृजनशीलताहरु कल्पनाशक्ति र बुद्धिहरु,
अनि क्षणिक भावनाहरुमा निर्भर भएको हुदैन,
तर आराधना पवित्र आत्माबाट आउँदछ,
जसले यी कुराहरु मध्ये कुनै वा सबै प्रयोग गर्न सक्नुहुन्छ भनेर मानेलिंदछन् ।

[2] ग्रान्ड रापिड्स, मिशिगनमा WCRC को उद्घाटन भेलाबाट लिइएको ।

यसकारणले, साँचो आराधना एक प्राप्त गरिने उपहार हो,
हासिल गरिने मानव कर्महरु होइनन् भनेर मानेलिंदछन् ।

## १.४ सँस्कृतिको स्विकार र बहिष्कार

बुद्धिमान हो त्यो मण्डली
"जो संसारमा रहन्छ तर संसारकै हुदैनन्" (यूहन्ना १५:१९),
ती जसले संस्कृतिका ती पक्षहरुको बहिष्कार गर्दछ
जुनहरु सुसमाचारको इमानसँग सम्झौता गर्दछ,
तर उत्साहपूर्वक येशू खीष्टको सुसमाचारद्धारा
ती सँस्कृतिसँग सहभागिता जनाउछन्
जसले सुसमाचारयोग्यका हरेक संस्कृतिक पक्षलाई स्वीकार गर्दछन्,
तर ती संस्कृतिहरुमा बाँधिएका भने हुदैनन् ।

यसकारण, बुद्धिमान हो त्यो मण्डली
जो येशूको सुसमाचार परसँस्कृति, सान्दर्भिक, अन्तर-सँस्कृतिय,
र सँस्कृति-बिरुद्ध भएकोमा कृतज्ञ हुन्छ ।[3]

## १.५ पुर्नस्थापित सृष्टिको उत्कृष्टता

धन्यको हो त्यो विश्वासीहरुको संगती
जसले यो स्पष्ट गराउँदछ कि
हाम्रा आराधनामा हामी सारा सृष्टिले अर्पण गरेका प्रशंसाका संगीतहरुमा
सहभागी हुँदछौं ।

धन्यको हो त्यो विश्वासीहरुको संगती
जसले आराधना एक संव्यतित्त यथार्थ धारण गरेको कुराको उत्सब मनाउँदछ
जो शारिरीक अभिव्यक्तिहरुका निम्ति कृतज्ञ हुन्छ
जुन आकार इसाराहरुले हाम्रो प्रशंसा र प्रार्थनाहरु अभिव्यक्त गर्दछ,
जस्तैः- पुस्तक, पानी, रोटी, र दाखरस,
जो परमेश्वरले हाम्रो निम्ति स्थापित गराउनु भएको छ,
ती परमेश्वरका मानिसहरुका निम्ति परमेश्वरका बरदानहरु हुन् ।

## १.६ परमेश्वरका मानिसहरुको अगुवाई

बुद्धिमान हो त्यो समाज
जसले अगुवाई गर्न वरदानयुक्त व्यक्तिहरुलाई, विना भेदभाव,
के बर्ग, लिङ्ग, उमेर, जाति वा योग्यता सबैलाई पहिचान गर्दछ, र आव्हान गर्दछ
उनीहरुलाई इश्वरशास्त्रीय अध्ययान र आराधनामा
सुयोग्यताको निम्ति तालिम र परामर्श दिंदछ ।

धन्यका हुन् ती आराधना अगुवाई गर्नेहरु
जसले विश्वासी समाजका सम्पूर्ण सदस्यहरुलाई
पूर्ण रुपमा सचेत र सकृय आराधनामा सम्लग्न हुन सुसज्जित गराउँदछन्,

---

[3] *लुथरन विश्व संगठन नाइरोबीको आराधना र सँस्कृतिबाट लिइएको*

तिनीहरु पनि जो खीष्टको शरिर, मण्डली देखि अझै पनि बाहिरछन्,
उनीहरुलाई पनि अतिथी सत्कार गर्दछन् ।

१.७ कलाकृतिका अभिव्यक्ति

धन्यका हुन् ती विश्वासीको संगती जहाँ वचनको प्रचार हुन्छ
अनि, प्रार्थनाहरु र प्रशंसा शब्दहरुमा मात्र होइन
तर कलाकृति शैलीहरुमा अभिव्यक्त गरिन्छ :-
परमेश्वरले हरेक स्थानिय समाजमा दिनुभएको
सँगीत र नृत्य, धुन, र मौनतामा,
दृश्यकला र  वास्तुकला अनुसार पनि गरिन्छ ।
धन्यका हुन ती कलाकारहरु
जसले आफ्ना कला अनुशासित शैलीमा
परमेश्वरलाई चढाउँदछन् ता की
परमेश्वरका जनहरुले यसरी उहाँका असलकर्यहरुको गवाही दिन सक्दछन्,
धन्यबाद चढाउन र पश्चताप व्यक्त गर्न सक्दछन् ।

धन्यका हुन् ती कलाकारहरु जो
दोस्रो आज्ञाले प्रदान गरेको सिमितताहरु पहिचान गर्दछन्,
साथै यी कुराहरुको लागि कृतज्ञ हुँदछन् :-
परमेश्वरद्धारा बोलाइएका बाइबलीय कलाकारहरुका उदाहरणको लागि
र परमेश्वरले आफ्नो आज्ञाहरु अनुसार सेवाको निम्ति
मानिसहरुलाई संयुक्त बनाउनुहुन्छ भन्नेकुराको लागि (प्रस्थान ३५:३०)

बुद्धिमान हो त्यो मण्डली
जसले कृतज्ञतासाथ ग्रहण गर्दछन् ती विश्वासयोग्यताका गीतहरु र कलाकृतीहरु
जो गएका शताब्दिहरु र अरु संस्कृतिहरुबाट
मण्डली विश्वव्यापी पनको उपहार स्वरुप पाएकाछौं भनि,
नयाँ गीतहरु र आराधनाका कार्यहरुका उत्सब मनाउदै
र सृजनाशीलताको उन्नती गर्दै
यस्ता कलाकृतिहरु ग्रहण गर्दछ ।

## २. आनन्दसाथ परमेश्वरको वचनको घोषणा

२.१ वचन र आत्मा

धन्यको हो त्यो मण्डली
जहाँ परमेश्वरको वचन
निश्चयता र आनन्दसाथ घोषणा गरिन्छ र
वचनद्धारा परमेश्वरका जनहरुको हृदय र समझलाई
प्रकाश पारिदिनुहुने पवित्र आत्माको कार्यको लागि
प्रार्थना र प्रगाढ कृतज्ञतामा आशावादि रहन्छन् ।

२.२ खीष्ट-केन्द्रित वचनको गहिराई

बुद्धिमान हो त्यो मण्डली
जसले परमेश्वरको वचन, पढाई र प्रवचनद्धारा त्यसका गहिराई र चौढाई खोतल्दछ,
तीद्धारा विश्वासीहरुलाई पोषण गर्दछ,

पुरानो र नयाँ करार बाट सधैनै येशूको पूर्ण सुसमाचारको घोषणा गर्दछ ।

२.३ विश्राम र गवाही, न्याय र शान्तिको लागि बोलावट

धन्यको हो त्यो मण्डली
जहाँ परमेश्वरको वचनको घोषणाले
शोक गर्नेहरुलाई सानत्वना
अनि परमेश्वरको राज्यशासनको विरोध गर्नेहरुको प्रतिकार गर्दछ ।

बुद्धिमान हो त्यो प्रचारक
जसले परमेश्वरको प्रचुर अनुग्रह ग्रहण गर्न श्रोताहरुलाई आव्हान गर्दछ,
पाप र दुष्टताबाट पश्चताप गर्न,
ख्रीष्टतर्फ फर्कन,
शान्ति घोषणा गर्न,
"न्याय गर्न, दयालाई प्रेम गर्न र परमेश्वरसँग विनम्रतामा हिड्न" आव्हान गर्दछ । (मिका ६:८)

२.४ मूर्तिपुजाको विरोध

धन्यको हो त्यो मण्डली
जसले परमेश्वरको वचन यस्तो प्रकारले घोषणा गर्दछ की
परमेश्वरको साटोमा स्थापित गरीएका मुर्तिहरु,
जोहरुले हामीलाई पुज्न प्रलोभीत गराउछ, वा
उँहाको बारेमा गलत बुझाईका मुर्तिहरुलाइ पुज्न लगाउँछ,
ति सबैको विरोध र प्रतिकार गर्दछ ।

धन्यको हो त्यो मण्डली
जसले येशूको जीवन र कार्यहरुद्धारा,
"परमेश्वरको महिमाको चमक र परमेश्वरको स्वरुपको" हुबहू मनन गर्दै, (हिब्रू १:३)
यस्ता बंग्याईहरुलाई प्रतिकार गर्दछ ।

२.५ *क्रेडो* : विश्वासको प्रतिक्रिया

बुद्धिमान हो त्यो मण्डली
जहाँ घोषणा गरिएको सुसमाचार
परमेश्वरको वचनको रुपमा ग्रहण गरिन्छ,
जुन सुसमाचार "विश्वास गर्नेहरुमा कार्यरत छ" (१ थेसलोनिकी २:१३),
जसले स्विकार गर्न र प्रशंसामा अुवाई गर्न,
पश्चताप र सेवा दुवै प्रति समर्पण हुन,
दया र न्याय दुवै प्रति ज्वलन्त हुन,
व्यक्तिगत र सामाजिक दुवै कार्यहरुमा,
नयाँ आज्ञाकारिता र प्रगाढ कृतज्ञता दुवैमा कृयाशील हुन्छ ।

त्यो मण्डली धन्यको हो जसले
मण्डलीको विश्वास व्यक्त गरेर
परमेश्वरका भलाईहरुको गवाही दिन विश्वासीहरुलाई आव्हान गर्दछ ।
जुन गवाही हाम्रा व्यक्तिगत अनुभवहरु भन्दा उच्च हुन्छ
र हामीलाई सबै संस्कृति र सबै शताब्दिका विश्वासीहरुसँग ऐकीवद्ध गराउँदछ,

यसरी परमेश्वरको काम स्थानिय समाजको जीवनमा प्रकट गराउँदछ ।

## ३. प्रार्थना र भेटिहरुद्धारा परमेश्वरलाई प्रतिक्रिया दिनु

### ३.१ प्रशंसा र कृतज्ञता

धन्यको हो त्यो मण्डली
जसले प्रशंसा र धन्यबाद चढाउछ (भजनसंग्रह ५०:१४, हिब्रू १३:१५)
जसले परमेश्वरको सुन्दरता र महिमाको लागि मात्र होइन,
बरु इतिहासभरिनै परमेश्वरले गर्नुभएको कुराहरुमा पनि
मनन र वाचन गर्दै धन्यबाद दिंदछन् ।

धन्यको हो त्यो मण्डली
जसले बाइबलका तथ्य घटनाहरुद्धारा निर्माणीत प्रार्थना
प्रशंसा र धन्यवादहरु बाट उगाउँदै र सिक्ददै
आफ्नै प्रार्थनाहरुलाई आधार दिंदछन् । (भजनसंग्रह १३६)

### ३.२ येशूको नाउँमा, आत्माद्धारा प्रार्थना गर्नु

धन्यको हो त्यो मण्डली जसले येशूको नाउँमा प्रार्थना गर्दछ,
जसले स्वर्गमा उचालिएका र सधै उपस्थित हुने प्रभुसँगको
एकताको थाहा गर्दछ ।

धन्यको हो त्यो आराधनाको समाज,
जसले पवित्र आत्मामा र पवित्र आत्माद्धारा प्रार्थना गर्दछन्,
जसले पवित्र आत्माका बरदानहरुको चाहाना गरी,
यो थाहा गर्दछन् कि जसै हामी प्रार्थना गर्छौ
पवित्र आत्माले हाम्रो कमजोरीहरुमा
परमेश्वरको इच्छा अनुसार हाम्रो लागि अन्तरबिन्ती गर्नुहुन्छ (रोमी ८:२६,२७)
र ‘‘बर्तमान संसार र अन्धकारको शक्तिहरुको विरोध गर्न
‘‘सहायता गर्नुहुन्छ,’’ (एफिसी ६:१२)

### ३.३ मानव अनुभवका सम्पूर्ण अवस्थाहरु

बुद्धिमान हो त्यो मण्डली
जसले भजनसंग्रहको उदाहरणहरुलाई पछ्याउदै,
इमान्दारीता र भरोसाको प्रार्थनाहरु परमेश्वरलाई चढाउन उत्साह दिंदछन्,
यस्तो प्रार्थना जसले मानव अनुभवका सबै अवस्थाहरुलाई व्यक्त गर्दछ–
भजनसंग्रहलाई ‘‘प्राणको पुर्ण अंगप्रत्यंग’’[4] मान्दै, जस्तै :-
बोलीएको, गाइएको, वा मौनताको,
नृत्य, नाटक गरिएको वा दृश्यताहरुबाट–
उत्सब वा विलापका प्रार्थनाहरु
भरोसा वा हतास,
खाँचोको पुकारा वा अन्तरविन्ती,
धन्यबाद वा पश्चताप,

---

[4] यो शब्दांश जन क्यालभीनको हो जुन उहाँले भजनसंग्रहको टिप्पणीमा प्रयोग गर्नुभएको थियो ।

चँगाई वा आशा ।
धन्यको हो त्यो मण्डली जसले आफ्नै आवश्यकताहरुको लागि मात्रै होइन
बरु परमेश्वरले अतिनै प्रेम गर्नुहुने संसारको आवश्यकताहरुको लागि पनि प्रार्थना गर्दछन् ।

३.४. उपहारहरु र भेटीदानहरु

धन्यको हो त्यो मण्डली जसले कृतज्ञतासाथ
दिने बरदानहरु :- समय र खुबीहरु
आराधना र समर्पणताको रुपमा अभ्यास गर्दछन् ।

बुद्धिमान हो त्यो मण्डली जसले
यो कुरा पक्का गरी स्वीकार गरेकाछन्
कि सम्पूर्ण जीवननै परमेश्वरको आराधना र छिमेकीको सेवाको लागि हो,
र विश्वासीहरु परमेश्वरको प्रत्येक बरदानहरुको लागि एक भण्डारे हुन बोलाइएका छन् ।

## ४. बप्तिस्मा र भोज

४.१ बप्तिस्मा र प्रभुभोज मनाउनको लागि येशूको आज्ञा

धन्यको हो त्यो मण्डली
जसले येशूका यी आज्ञाहरु मान्छन् :-
"चेलाहरु बनाओ,
उनीहरुलाई पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा दिओ,
र उनीहरुलाई येशूले दिनुभएको सबै आज्ञाहरु पालन गर्न सिकाओ" (मत्ती२८:२०)
साथै "मेरो सम्झनामा खाने र पिउने गर" भनिएका आज्ञाहरुलाई,
इमान्दारपूर्वक पालन गर्दछन् । (लूका २२:१९-२०)
यी प्रभुभोजका चिन्हहरुलाई
परमेश्वरले हामीलाई पोषणतत्वको रुपमा दिई बलियो बनाउनुहुन्छ,
सानतवान र चुनौती दिनुहुन्छ,
यसरी सिकाउन र परिवर्तन गराउनका लागि हुन भनि मानिसलिन्छन् ।

४.२ बप्तिस्मा

धन्यको हो त्यो मण्डली
जसले यो घोषणा गर्दछ कि
उनीहरुको साँचो पहिचान येशू ख्रीष्टमा मात्र पाईएको छ ।

धन्यको हो त्यो मण्डली
जसले यो घोषणा गर्दछ कि
बप्तिस्माको पानी परमेश्वरको प्रतिज्ञाका चिन्ह र छापहरु हुन्,
जसले हामीलाई शुद्ध बनाउन,
ख्रीष्टको शरीरमा हामीलाई ग्रहण गर्न,
हामीलाई पुन:नविकरणगर्न, शक्ति दिन पवित्र आत्मा पठाउनुभएको हो,
र ख्रीष्टमा हाम्रो पुनरुत्थान पछि नयाँ जीवनको
निश्चितता जनाउँदछ ।

धन्यको हो त्यो समाज

जसले बप्तिस्मा उत्सवतापुर्वक मनाउदछन्
र बप्तिस्मा अनुग्रहको माध्यम र
करार-विश्वासयोग्यतामा जिउने प्रोत्साहन हो भनि मानिलिन्छन् ।

### ४.३ प्रभु भोज

धन्यको हो त्यो मण्डली
जसले प्रभु भोज नियमित रुपमा
धन्यबादको भोज, संगती, र आशाको रुपमा मनाउने गर्दछन् ।

धन्यको हो त्यो मण्डली
जसले कृतज्ञासाथ परमेश्वरको
सृष्टि र उद्धार ल्याउने काम ख्रीष्ट येशूमा सम्झना गर्ने अनि
रोटी भचाईमा उहाँको आत्मिकी उपस्थिती हुन्छ भन्ने थाहा गर्नेमात्र होइन,
तर वास्तवमै येशू ख्रीष्टसँगको एकता र ख्रीष्टको शरिरलाई
कृतज्ञताकासाथ ग्रहण गर्दछन्,
र आउने राज्यको भोजलाई पर्खंदछन् ।

धन्यको हो त्यो मण्डली
जसले यस रोटीलाई
"ख्रीष्टको शरीरको पहिचान," जहाँ अनेकतामा एकता छ भनि थाहा गर्दै
एक अर्काप्रति अतिथी सत्कार
अनुग्रह र सत्यतामा व्यक्त गर्दै (१ कोरिन्थी ११:२९-३३),
र परमेश्वरले हामीप्रति गर्नुभएको सत्कार
संसारमा अरुहरुलाई अतिथी सत्कारको सेवाकाईमा देखाउँदछन् ।

## ५. आशिषीत र आदेशीत मानिसहरु येशूको नाउँमा सेवा गर्नु

### ५.१ परमेश्वरद्धारा पठाइनु

धन्यको हो त्यो मण्डली
जहाँ विश्वासीहरुलाई परमेश्वरको अनुग्रही आशिषद्धारा हौसला दिईन्छ
र परमेश्वरको अनुग्रही बोलावटद्धारा
येशूको सुसमाचार घोषणा गर्न
र संसारमा येशूको नाउँमा
चँगाईको उपस्थित हुन पठाइएका छन् ।

### ५.२ दैनिक आराधना

बुद्धिमान हो त्यो समाज
जसले सबै विश्वासीहरुलाई दैनिक आराधना गर्न उत्साह दिएर,
परमेश्वरको वचन पढेर चिन्तन गर्न जोड दिएर
विश्वासको पोषण गर्दछ ।
पवित्र आत्माको अगुवाई खोजेर,
प्रशंसा र विन्तिको प्रार्थनाहरु चढाएर,
भजन, गीतहरु र आत्मिकी गानहरु गाएर,

"पूर्ण मौनतामा" परमेश्वरलाई सुनेर, (१ राजा १९:१२),
र परमेश्वरको सम्मूख प्रत्येकक्षण जिएर
विश्वासको पोषण गर्दछन् ।

५.३ अतिथीसत्कार र सुसमाचार प्रचार

धन्यका हुन ती समाजहरु
जहाँ अतिथी सत्कार,
सार्वजानिक आराधना र व्यक्तिगत जीवनहरुमा, अभ्यास गरिन्छ,
जहाँ अपरिचितहरु र पाहुनाहरुलाई स्वागत अनि स्विकार गरिन्छ,
जहाँ गरिब र निमुखा, रोगी र अपहेलितहरुले
परमेश्वरको छत्रछायामा शरण पाउन सक्दछन् ।

धन्यका हुन ती समाजहरु
जहाँ सबै मानिसहरुलाई येशूको चेला हुन
बप्ष्स्तिमा र विश्वासको निर्माणमा बोलाइन्छ र चुनौती दिइन्छ । (मत्ती २८:१९)

५.४ आराधनाको निर्माण

धन्यका हुन ती मण्डलीहरु
जसले सबै उमेरका र विवीध दक्षता भएका विश्वासीहरुलाई
"मुक्तिदाता येशू ख्रीष्टको अनुग्रह र ज्ञानमा बढ्न" (१ पत्रुस ३:१८)
आव्हान गर्दछन् र चुनौती दिन्छन् ।

धन्यको हो त्यो मण्डली
जसले आराधनाका अभ्यासहरुको अर्थमाथि मनन र शिक्षा दिएर
आराधनालाई गहिरो बनाउँछन् ।

५.५ आराधना, दया र न्याय

धन्यका हुन ती मण्डलीहरु
जसले सार्वजानिक आराधनाद्धारा येशूलाई चिनाउँदछन्
र परमेश्वरको राज्य सम्बन्धि येशूको सन्देशलाई बुझाउँदछन् ।

धन्यका हुन ती मण्डलीहरु
जसको सामुहिक आराधना र सार्वजनिक साक्षीहरु
एकअर्काप्रति सहमत भएका हुन्छन्,
र परमेश्वरको वचन प्रति इमान्दार भएका हुन्छन्,
जसको आराधना र साक्षीहरु
पवित्र आत्माका कामहरुको गवाही हुन् ।

धन्यका हुन ती मण्डलीहरु
जसले स्वतन्त्र बनाउने
पवित्र आत्माको कामलाई खोजी गरी स्वीकार गर्दछन्,
र विश्वास गर्दछन् की पवित्र आत्माले मात्र कपटीपना तोड्न सक्नु हुन्छ,
उँहाले मात्र न्याय र शान्ति, आराधना र साक्षीलाई

वास्तविक रुपमा अंगिकार गराउन सक्नुहुन्छ ।

## ५.६ मारानाथा : आराधना र खीष्टिय आशा

धन्यका हुन ती मण्डलीहरु
जो बर्तमान समयको लागि मात्र जिउन सन्तुष्ट हुदैनन्,
तर जसको आराधनाले
सबै सृष्टिले खीष्ट येशूमा
परमेश्वरका पूर्ण राज्य नआएसम्म
अर्दनाध गर्दै छ, भन्ने कुरा व्यक्त गराउँदछन् ।

धन्यका हुन् ती मण्डलीहरु जसका
सम्पुर्ण जीवन, त्यो आशा र निश्चियताको प्रार्थनामा समेटिएको हुन्छ, जसले भन्छ :
“मारानाथा– आउनुहोस्, प्रभु येशू” (प्रकाश २२:२०)